संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६४ माघ ३**

---

**उच्चायुक्तको कार्यालय–नेपालद्वारा नेपाल प्रहरीलाई मानवअधिकारसम्बन्धी पुस्तिका हस्तान्तरण**

उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले बिहीबार नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक विनोद सिंहलाई मानवअधिकारसम्बन्धी पुस्तिकाको ५८,००० प्रति हस्तान्तरण गर्नुभयो ।

नेपाल प्रहरी मानवअधिकार स्थायी आदेशमा लोकतन्त्रमा प्रहरीका कार्य, मानवअधिकारअनुरूप अनुसन्धान गर्ने कार्य, भिड नियन्त्रण, बल तथा बन्दुकको प्रयोग, भेदभावविरूद्ध लड्ने कार्य, सामुदायिक सम्बन्ध, शरणार्थी तथा आन्तरिक रूपले विस्थापित व्यक्ति (आईडीपी)हरूको अधिकारलगायतका र अन्य मुद्दाका सम्बन्धमा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड पर्दछन् ।

नेपाल प्रहरीको अनुरोधमा यो पुस्तिका निर्माण तथा उत्पादन गर्नका निम्ति उच्चायुक्तको कार्यालय–नेपालले प्राविधिक सहायता उपलब्ध गरायो । स्थायी आदेशको पहिलो संस्करण उच्चायुक्तको कार्यालय–जेनेभासँगको सहकार्यमा सन् १९९६ मा प्रकाशित गरिएको थियो ।

> “मानवअधिकारका मान्यताको पुर्णरूपमा सम्मान गर्दै कानुन कार्यान्वयन गर्ने कार्य तथा आमजनताका लागि सुरक्षा प्रदान गर्ने कार्यबारे नेपाल प्रहरीलाई विशिष्ट जानकारी उपलब्ध गराउने यस अवसरको उच्चायुक्तको कार्यालय स्वागत गर्दछ,” उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो । “राज्यले मानवअधिकारसम्बन्धी आफ्ना दायित्व पूरा गरिरहेको नयाँ नेपालको अभिन्न अङ्गको रूपमा प्रहरीले आफ्नो कार्य गरिरहेको छ भन्ने कुरा सुनिश्चित गर्न यस पुस्तिकाले मद्दत पुर्‍याउनुपर्छ ।”

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org